# विहादी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या/Ref. No.: ०७६/७७

चलानी नम्बर/Dispach No.:

मिति/Date:..............................

**सिलवन्दी दरभाउपत्र आह्वानको सूचना**

आ.व.२०७६/७७

प्रथम पटक प्रकाशित मिति : २०७६/०४ /३०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४(१) अनुसार आ.व. २०७६/०७७ को लागि यस विहादी गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने ढुङ्गा, गिट्टी, बालुवाको तोकिएको दर रेट अनुसार (ढुङ्गा, गिट्टी, बालुवा, रोडा उत्खनन्/संकलनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार) ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले तोकिएको न्यूनतम अंकमा नघट्ने गरि नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुवाट वा निजको अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयवाट सिलवन्दी दरभाउपत्र फाराम खरिद गरि रितपूर्वक पेश गर्न सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयवाट फिर्ता नहुने गरि रु.१०००। ( अक्षरुपी एक हजार) मात्र तिरी सिलवन्दी दरभाउपत्र फाराम प्राप्त गर्न सकिने छ।

२. दरभाउ पत्र फाराम प्राप्त गर्दा आ.व.२०७५/०७६ सम्मको नविकरण तथा चालु आ.व.को लागी मान्यता प्राप्त भएको फर्म वा कम्पनी भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी, दर्ता प्रमाण पत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपी साथै आ.व.२०७४/०७५ को कर चुक्ता विवरणको प्रतिलिपी संलग्न राखि निवेदन पेश गर्नु पर्ने छ।

३. सूचना प्रकाशित भएको १६ औं दिन दिनको ठिक १२:०० वजे भित्र रितपूर्वक सिलवन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।

४. रितपूर्वक कार्यालयमा दर्ता भएका सिलवन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको १६ औं दिन दिनको २:०० वजे फर्म वा कम्पनीको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। फर्म वा कम्पनीको प्रतिनिधीहरु उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन। सिलवन्दी दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा लगत्तै पछि कार्यालय खुलेको दिनमा हुनेछ।

५. दरभाउपत्र फाराम भर्दा सवै विवरण खुलाई केरमेट नगरि कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

६ सिलवन्दी दरभाउपत्र साथ कवोल गरेको जम्मा अंक (भ्याट समेत) को २.५ प्रतिशतले हुन आउने रकम नघटाई धरौटी वापतको जमानत रकम यस विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय व्रहाकीठाँटी, पर्वत को प्रभुबैंक, विहादी शाखा, भुसालचोक पर्वतमा रहेको ग (३ धरौटी खाता नं. १७२००२०११४९८४६०००००४ मा जम्मा गरेको सक्कली भौचर पेश गर्नुपर्नेछ वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारि गरिएको बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नुपर्ने छ।

७. रित नपुगेको वा कुनै शर्त राखिएका सिलवन्दी दरभाउपत्रहरु स्विकृत गरिने छैन।

८. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. यस सम्वन्धमा अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुने छ।

१०.यस सुचनामा परेका कुरा यसै सूचना बमोजिम हुनेछ भने यस सुचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र नेपालको कानुन बमोजिम हुनेछ।

११.अन्य थप जानकारी आवस्यक भएमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पक गर्न सकिनेछ।

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | कामको विवरण | न्यूनतम अंक रु. ( भ्याटवाहेक) | वोलपत्र फाराम दस्तुर फिर्ता नहुने गरि रु. |
|---|---|---|---|---|---|
| १. | ०१/०७६/७७ | गिट्टी, ढुङ्गा, बालुवा, आदिको कर संकलन। | कालीगण्डकी नदिको पिपलपाटा नाका बर्राचौर, छयाङ्ग कुमाल गांउ नाका रानीपानी, गोलाङ्ग सेति बेनी नाका शालिग्राम, जिङ्गलिङ्ग बगर नाका शालिग्राम, दुर्लाङ्ग बगर नाका बाच्छा र कालीगण्डकी नदि साथै सेतीखोलाको सेतीवेनी शालिग्राम बगर नाका शालिग्रामवाट ढुङ्गा, गिट्टी, बालुवा, आदिको कर संकलन। | १२,००,२००। | १,०००। |

प्रमुख प्रशासकिय अधिकृत